**कोरोना भाइरस सम्बन्धी प्रदेश ५ को अवस्था**
**बाँके । ०७७ वैशाख ९ गते**

प्रदेश ५ सरकारले जिल्लाहरूमा कोरोना भाइरस रोकथाम नियन्त्रणको गरीरहेको छ । भने लकडाउनका कारण  खाद्यान्न अभाव हुन नदिन स्थानीय तह र प्रदेश सरकारले काम गरी रहेको छ ।

**इन्सेक रुपन्देही जिल्ला प्रतिनिधि रीमा बिसी**का अनुसार विश्वभर कोरोना भाईरस (कोभिड (१९) महामारीको रूपमा फैलिएसँगै प्रदेश ५ ले  महामारीको बारेमा सही जानकारी लिन र प्रकोपलाई नेपालमा फैलिन नदिने उद्देश्यले नेपाल कोभिड - १९ ट्रेसिङ एप निर्माणगरी  सञ्चालनमा ल्याएको छ ।

प्रकोप विरुद्ध लड्नु सबै नागरिकको जिम्मेवारी र दायित्व भएको भन्दै देश लकडाउनको अवस्थामा रहेकोले सूचना तथा संचार प्रविधिको माध्यमबाट प्रकोप विरूद्ध लड्न एपले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।

एपले कोरोना भाइरसबाट सङ्क्रमित  व्यक्तिसँग सम्पर्कमा आएका व्यक्तिहरूको विवरण पत्ता लगाउन मद्दत गर्ने छ ।  ब्लुटुथमा आधारित प्रविधिको प्रयोग गरिएकोले नियमित इन्टरनेट वा मोवाइल डाटाको प्रयोग गरिरहनु नपर्ने, अफलाइन र अनलाइन दुवै अवस्थामा चलाउन सकिने र अफलाइन अवस्थामा चलाउँदा सङ्कलन भएको विवरण अनलाइनमा हुँदा स्वत अद्यावधिक हुन जनाइएको छ ।

**इन्सेक दाङ जिल्ला प्रतिनिधि जयनारायण पुन**का अनुसार राप्ती गाउँपालिका-८ सिसहनीयाँ उद्योग वाणिज्य सङ्घका सदस्य एवं वर्षा किराना एण्ड कस्मेटिक पसलका सञ्चालक ५० वर्षीय नन्दराम गुप्तालाई लकडाउनमा पसल खोलेको आरोपमा सोही ठाउँका ४५ वर्षीय कालिचरण चौधरीले वैशाख ९ गते कुटपिट गरेका छन । कुटपिटबाट मुखमा चोट लागेको गुप्ताको प्राथमिक स्वास्थ्य केन्द्रमा प्राथमिक उपचारपछि राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भइरहेको छ । चिकित्सकका अनुसार चिरपट र मुक्काले प्रहार गर्दा  दात भाँचिएका छन ।

लकडाउनमा पसल खोलेको, चर्को मूल्यमा सामान बिक्री गरेको भन्दै कुटपिट गरेको प्रहरीले जनाएको छ । आरोपित चौधरीलाई प्रहरी गिरतार गरि अनुसन्धान थालेको जिल्ला प्रहरी कार्यालयका डिएसपी सुमित खड्काले जानकारी दिनुभयो ।

सिसहनीयाँ उद्योग वाणिज्य सङ्घका अध्यक्ष शान्तराज भण्डारी र महासचिव इश्वरीप्रसाद अधिकारी तथा दाङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष नारायण भुसालले छुट्टा छुट्टै  विज्ञप्ती जारी गर्दै लकडाउनको विषम अवस्थामा सेवा दिइरहेका व्यवसायीमाथि कुटपिट हुनु निन्दनीय भएको जनाउदै दोषी माथि कारवाहीको माग गर्नुभएको छ । विज्ञप्तीमा हप्ताको  तीन दिन बिहान ६ देखि ९ बजेसम्म पसल खोल्ने जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार नै पसल खोलेका गुप्तामाथि आक्रमण गर्नेलाई कडा कारवाही हुनुपर्ने माग गरिएको छ ।

दाङमा नौ जना आइसोलेशनमा रहेका छन । कोरोना विशेष अस्पताल वेलझुण्डीमा दुई जना र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सात जनालाई आइसोलेशनमा राखिएको छ । प्रतिष्ठानमा रहेका सात जना मध्ये  पाँच जनाको स्वाव वुटवल पठाइ सकिएको र दुइजनाको नमूना सङ्कलन गर्ने तयारी भएको छ । यसैगरी  वेलझुण्डीमा रहेका दुई जनाको पनि नमूना सङ्कलन गरि स्वाव पठाउने तयारी भएको छ । हाल  जिल्लामा ६८ जना क्वारेण्टाइनमा रहेका छन ।

**इन्सेक कपिलवस्तु जिल्ला प्रतिनिधि पार्बती अचार्य** का अनुसार जिल्लामा वैशाख ९ गते ७ सय ६७ जनाको आरडीटी परीक्षण गरिएकोमा नेगेटिभ रिर्पोट आएपछि घर फर्किएका छन् । जिल्लामा हाल १ सय ८६ जना क्वारेण्टाइनमा रहेका छन् ।
बिजयनगर गाउँपाललिकाले लकडाउनलाई प्रभावकारी बनाउनका लागि वैशाखमा हुन लागेका विवाह र बर्तबन्ध कार्य नगर्ने निर्णय गरेको छ । मन्दिर , मस्जीदमा आवश्यकता अनुसार पुजारी र मौलाना बाहेक कसैलाई प्रबेश गर्न नदिनकालागि पुजारी र मौलानासँग समन्वय गरिएको गाउँपालिकाका अध्यक्ष गोपालबहादुर थापाले बताउनु भयो । गाउँपालिका १ हजार ४ सय ३२ घर परिवारलाई दोश्रो चरणको राहत वितरण गर्न सुरू गरिएको प्रमुख प्रशासकीय अधिकृत गोबिन्द भट्टराईले बताउनु भयो ।
कृष्णनगर नगरपालिकाले ३ हजार १ सय ९२ घर परिवारलाई राहत वितरण गरेको जनाएको छ । राहतमा चामल , दाल , खाने तेल , नुन र नुहाउने साबुन वितरण गरिएको मेयर रजत प्रताप शाहले बताउनु भयो । यसैगरी नगरपालिकाले घरघरमा पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ । नगरपालिकाका ४ हजार ९ सय ५६ जनालाई ४ करोड २२ लाख ३९ हजार ६ सय रुपियाँ रकम बराबरको सामाजिक सुरक्षा भत्ता वितरण गरिएको सामाजिक विकास अधिकृत साकिर अहम्मद खाँले बताउनु भयो ।

**इन्सेक नवलपरासी पश्चिम जिल्ला प्रतिनिधि नारायण पराजुली**का अनुसार कोरोना भाइरस सम्बन्धमा जिल्लाको अवस्था बुझ्न प्रदेश सभा सांसदको नेतृत्वमा आएको टोलीले नेपाल भारत सिमा नाकाको अनुगमन गरेको छ ।
टोलीले २८ किलोमिटरको क्षेत्र अवलोकन गर्नुको साथै लुकेर आवात जावत गर्ने कार्य रोक्न सुरक्षाकर्मीलाई निर्देशन दिनु भएको थियो । सशस्त्र प्रहरीका बलका एसपी भरत खनीयाँले सिान नाकाको अवस्थाबारे जानकारी गराउनु भयएको थिया ।
यसैगरी सुनवल नगरपालिकाका मेयर भरत थापाले राहत वितरणको क्रममा झुटो विवरण पेश गरी रुपमा राहत माग गर्नेलाई ५ हजार रूपियाँ जरिवाना गरिने बताउनु भयो ।

्**इन्सेक रोल्पा जिल्ला प्रनितिधि हरिसरा घर्ती मगर**का अनुसार थवाङ गाउँपालिकाको क्वारेण्टाइनमा रहेका नौ जना र माडी गाउँपालिकाको क्वारेण्टाइनमा रहेका ५३ जनाको आरडीटी परीक्षण गरिएको छ । उनीहरू सबैजनाको रिपोर्ट नेगेटिभ आएको जिल्ला स्वास्थ्य कार्यलयले जनाएको छ । काठमाडौ लगायत देशको अन्य जिल्लामा श्रम गर्न गएका श्रमिकहरू दैनिक रुपमा रोल्पा फर्किने क्रम जारी छ ।वैशाख ९ गते ११ वटा बस र एउटा ट्रकमा गरी ११ सय जना रुन्टिगढी गाउँपालिकामा प्रवेश गरेका छन् । उनीहरूलाई खानाको व्यवस्था गरी सम्बन्धीत स्थानमा पुरयाउन प्रहरी प्रशासन लगायत सरकारी तथा गैर सरकारी पक्षले सहयोग गरि रहेका छन् ।

**इन्सेक अर्घाखाँची जिल्ला प्रतिनिधि नारायाण पराजुली**का अनुसार क्वारण्टाइनमा राखियका २६ जनाको आरडीटी परीक्षण गर्दा सबैको रिर्पोट नेगेटिभ आएको जिल्ला अस्पतालका डाक्टर कपिल गौतमले जानकारी दिनु भयो ।
जिल्लामा ज्वोरो नाप्ने थर्मो गनको आभाव भएको छ । विशेष गरि सितगङ्गा नगरपालिका-१२मा रहेको हेल्प डेक्समा थर्मो गन नहुदाँ १२ दिन देखि सेवा प्रभावित भएको छ । उक्त हेल्प डेक्समा कपिवस्तु र अर्घाखाँची को सिमाना नजिक भएको जिल्लामा प्रवेश गर्नेहरूको तापक्रम नलिएरै पठाउनु परेको नगरपालि स्वास्थ्य संयोजक कृष्ण प्रसाद पौडेलले जानकारी बताउनु भयो ।

**इन्सेक प्यूठान जिल्ला प्रतिनिधि रविन्द्र पाण्डे**का अनुसार दाङ र प्यूठान जिल्लाको सिमा सरुमारानी गाँउपालिका - २ ददेरीमा अस्थायी क्वारेण्टाइन निमार्ण गरिएको छ। बाहिरी जिल्लाबाट जिल्ला प्रवेश गर्नेहरूलाई मध्येनजर गर्दै
भालुवाङ्ग प्यूठान सडक खण्डको सो ठाँउमा संक्रमित ब्यक्तिहरु जिल्लामा प्रबेश गर्ने जिल्ला विपत व्यवस्थापन समितिले ११ बेडको क्वारेण्टाइन तायर गरिएको  सहायक प्रमुख जिल्ला अधिकारी गौरव पन्थीले जानकारी दिनुभयो।

**इन्सेक गुल्मी जिल्ला प्रतिनिधि टोपलाल अर्याल**का अनुसार गुल्मी जिल्ला अदालतले हिरासतमा भएका व्यक्तिहरूको कोरोना परीक्षण गर्न आदेश दिएको छ। बलात्कार मुद्दामा जिल्ला प्रहरी कार्यालयको हिरासतमा रहेका २० वर्षीय प्रेमबहादुर गुरुङ्ग पुर्पक्षको लागि कारागार पठाउन सक्ने आधार प्रमाण भएपनि जिल्ला अदालतले गुरूङसँगै हिरासतमा रहेका तीन जनाको कोरोना परीक्षण गरेर नभएको पुष्टि भएपछि मात्र अदालतमा उपस्थित गराउन आदेश दिएको हो। अदालतका सूचना अधिकारी कृष्णशरण लामिछानेले बताउनु भयो। प्रतिवादीको कोरोना परीक्षणको पुष्ट्रि गरेर मात्रै अभियोजन पत्र ग्रहण गर्न चैत ७ गते सर्वोच्च अदालतका मुख्य रजिस्ट्रारबाट समेत निर्देशन भएको र कागागारको जोखिम बुझ्रेर त्यस्तो आदेश गरेको जानकारी दिनुभयो लामीछानेले बताउनस भयो।
यसैगरी मुसिकोट नगरपालिकाले विपन्न वर्गलाई स्थानीय तहमा उत्पादन भएका खाद्यान्न वितरण गर्ने योजना बनाएको छ।
गाउँमै उत्पादित खाद्यान्न सङ्कलन गर्न बचत घर स्थापना गर्ने  निर्णय गरेको छ। लकडाउनका कारण दैनिक मजदुरी गरेर बिहान बेलुका छाक टार्न मुस्किल भएका परिवारलाई कोदो मकै र धान गहुँ भएकाहरूबाट सङ्कलन गर्ने र बचत घर मार्फत वितरण गर्ने उद्देश्य रहेको मुसिकोट नगरपालिकामा मेयर सोमनाथ सापकोटाले जानकारी दिनु भयो।
इस्मा गाउँपालिकाले पनि अबदेखि तराईको  चामलको सट्टा गाउँमै उत्पादित धान, गहुँ, मकै कोदो सङ्कलन गरी वितरण गर्ने योजना बनाइएको उपप्रमुख विमला खत्रीले बताउनु भयो।
जिल्लाका सबै  स्थानीय तहमा गरेर करिव १५ हजार विपन्न परिवारले राहत पाएको जिल्ला प्रशासन कार्यालयले जनाएको  छ। अहिले स्थानीय तहले बाहिरबाट आएका र बाहिर भएका अलपत्र परेकाहरू उद्धार गरिरहेका छन्।

**इन्सेक रुकुम पूर्व जिल्ला प्रतिनिधि जयमान बुढा मगर**का अनुसार, पुथाउत्तरङ्गा गाउँपालिकाले खाद्य व्यवस्था तथा व्यापार कम्पनीबाट खाद्यान्न खरिद गरी मौज्दात गर्ने बताएको छ। त्यसको लागि वैशाख ८ गते ३ सय ४० क्वीन्टल चामल गाउँपालिकामा पुर्‍याइएको छ। ससैगरी साल्ट ट्रेडिङसँगको समन्वयमा वैशाख १० गते २ सय क्वीन्टल नुन आउने भएको प्रमुख प्रशासकीय अधिकृत रवीन्द्र बुढाक्षेत्रीले बताउनु भयो।
भक्तपुरको ईँट्टा उद्योगमा काम गर्नेहरू लकडाउनले गर्दा अलपत्र परेकालाई प्रदेश ५ का विभिन्न जिल्लाका मजदुरहरूलाई ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्री वर्षमान पुनको पहलमा उद्धार गरेर आ-आफ्नो जिल्लामा पठाइएको थियो। जसमध्ये रुकुमपूर्वका ८६ जनालाई रोल्पाको होलेरी सम्म र होलेरी देखि भूमे गाउँपालिका सम्म १ लाख ४० हजार ४ सय रुपियाँ भाडा तिरेर ल्याइएको भुमे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चन्द्रसिंह श्रेष्ठले बताउनु भयो। उनीहरूको स्वास्थ्य चेकजाँच पछि दुई हप्ता सम्म होम क्वारेण्टाइन बस्ने व्यवस्था मिलाईको श्रेष्ठले जानकारी दिनुभयो।

**इन्सेक बाँके जिल्ला प्रतिनिधि स्मृति देवकोटा**का अनुसार प्रहरी हिरासतमा रहेका थुनुवालाई अदालतमा पेश गर्दा अनिवार्य कोरोना परीक्षण रिपोर्ट सङ्लग्न हुनुपर्ने अदालतको आदेश भएअनुसार जिल्ला प्रहरी कार्यालयले थुनुवाहरूको आरडीटी विधिबाट परीक्षण गरिएकोमा सबैको रिर्पोट नेगेटिभ आएको छ । जिल्ला प्रहरी कार्यालयका एसपी वीरबहादुर ओलीले बताउनु भयो । उहाँले थुनुवासँगै प्रहरीको समेत जाँच गरिएको बताउनु भयो ।

**इन्सेक बर्दिया जिल्ला प्रतिनिधि मानबहादुर चौधरी**का अनुसार जिल्लामा वैशाख ९ गते सम्म ८ सय ४८ जना क्वारेण्टाइनमा रहेका छन् । दुई हप्ता क्वारेण्टाइनमा बसेका मध्ये हालसम्म ३ सय ८६ जना आरडीटी विधिबाट परीक्षण भएको छ । बारबर्दिया नपामा १९ जनाको आरडीटी परीक्षण गरिएकोमा सबैको नेगटिभ देखिएको छ । २५ जनाको स्वाव परीक्षण भएकोमा २३ को रिर्पोट नेगेटिभ आएको छ भने । दुई जनाको रिर्पोट आउन बाँकी छ । जिल्ला अस्पतालमा आइसोलेशनमा एक जना र ठाकुरबाबा नपाको आइसोलेशनमा एक जना गरी दुई जना बिरामी रहेका छन् । हालसम्म जिल्ला बाहिरबाट ८ हजार ३ सय ४४ जना जिल्ला भित्रिएका छन् । हालसम्म ११ हजार १ सय ४६ जनालाई राहत तथा खाद्यान्न वितरण गरिएको छ ।

**इन्सेक प्रदेश ५ कार्यालय, नेपालगञ्ज**